# प्रदीप गुरुङका आख्यान-कृतिहरूको विषयपरक अध्ययन

नेपाली विषयमा विद्यावारिधि (पिएच डी) उपाधिका निम्ति उत्तर बङ्ग विश्वविद्यालय
कला, वाणिज्य तथा ऐन सङ्काय अन्तर्गत
नेपाली विभागमा प्रस्तुत

**शोधप्रबन्ध**


**शोध निर्देशक**

Professor
Department of Nepali
University of North Bengal

प्रोफेसर मोहन प्रसाद दाहाल
नेपाली विभाग
उत्तर बङ्ग विश्वविद्यालय
राजाराममोहनपुर, दार्जिलिङ

**शोधार्थी**

राजीव विश्वकर्मा
नेपाली विभाग
उत्तर बङ्ग विश्वविद्यालय
राजाराममोहनपुर, दार्जिलिङ

# Declaration

I do hereby declare that the thesis **PRADEEP GURUNGKA AAKHYAN-KRITIHARUKO VISHAYAPARAK ADHYAYAN** has been prepared by me under the guidance of Dr. Mohan Prasad Dahal, professor, Department of Nepali, University of North Bengal. No part of this thesis has formed the basis for the award of any degree or fellowship, in any other universities, institution or organization.

Rajiv Biswakarma
Registration No. Ph.D/Nep. (1283)/765/R-2019
Department of Nepali
University of North Bengal
P/O NBU Campus
Darjeeling – 734013
West Bengal
Date: 5/9/22

# UNIVERSITY OF NORTH BENGAL

ACCREDITED BY NAAC WITH GRADE B++

समानो मन्त्र : समिति : समानी

# DEPARTMENT OF NEPALI

RajaRammohanpur, Dist-Darjeeling-734013
Phone: (0353)2580995 Fax (0353)2580995


---

*Ref.No.Nep................* *Date:26.08.2022.*

## CERTIFICATE

I certify that Rajiv Biswakarma has prepared the thesis entitled **PRADEEP GURUNGKA AAKHYAN-KRITIHARUKO VISHAYAPARAK ADHYAYAN**, for the award of Ph.D degree of the University of North Bengal, under my guidance. He has carried out the work at the Department of Nepali, University of North Bengal.

26/08/2022

PROFESSOR
DEPARTMENT OF NEPALI
UNIVERSITY OF NORTH BENGAL


Prof. Mohan Prasad Dahal
Department of Nepali
North Bengal University
Raja Rammohanpur
Dist. Darjeeling, Pin 734013
Date:

Ouriginal
by Turnitin

### Document Information

| | |
|---|---|
| **Analyzed document** | Rajiv Biswakarma_Nepali.pdf (D143276975) |
| **Submitted** | 8/26/2022 9:44:00 AM |
| **Submitted by** | University of North Bengal |
| **Submitter email** | nbuplg@nbu.ac.in |
| **Similarity** | 0% |
| **Analysis address** | nbuplg.nbu@analysis.urkund.com |

### Sources included in the report

Rajiv Biswakarma
(Research scholar)

Professor
Department of Nepali
University of North Bengal

# पूर्वकथन र कृतज्ञता

आख्यानले मानवीय समाज र जीवनजगत्का विविध आयामहरूलाई आत्मसात् गर्ने बहुसमावेशी चरित्र वहन गरेको हुन्छ। साहित्यमा आख्यानात्मक विधाहरूको लोकप्रियता बढिरहेको छ। आधुनिक नेपाली कथा लेखनको परम्परामा अस्सीको दशकदेखि कथा लेख्न थालेर आजसम्म सृजनरत रहेका प्रदीप गुरुङ समकालीन नेपाली गद्याख्यानका एकजना प्रतिनिधि आख्यानकार हुन्। उनका लेखनले आधुनिक नेपाली आख्यान परम्परालाई सम्पन्न तुल्याउन महत्त्वपूर्ण योगदान पु¥याएको छ। उनका आख्यानका विविध विषयहरूले समेटेका विविध वैचारिक फाँटहरूको विश्लेषणसहित उनका आख्यानहरूको विषयपरक अध्ययन प्रस्तुत गर्ने उद्देश्यले यो शोधकार्य सम्पन्न गरिएको छ।

प्रस्तुत शोधकार्य शैक्षिक अभिवृद्धि र सामाजिक उपयोगको अभिप्राप्तिका निमित्त अग्रसर छ। यद्यपि शोधकार्यजस्तो महत्त्वपूर्ण प्राज्ञिक परियोजना अन्तर्गत आफ्नो सीमित ज्ञान, अनुभव, योग्यता, समयसीमा, स्रोत र संसाधन आदि यस कार्यका निम्ति सम्पूरक हुन नसकेको अनुभव हुन्छ। भविष्यमा गरिने शोधकार्यहरूले यसका दुर्बल पक्षहरूलाई परिपूर्ण तुल्याइ नवीन विषय र ज्ञान प्राप्तिका विविध मार्गहरू अविष्कार हुनेछन् भन्ने आशा राखिएको छ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्दा मैले आफ्ना गुरुजन, प्राज्ञवृन्द, सङ्घ संस्था, पुस्तकालय तथा विद्यार्थी साथीहरूबाट प्रशस्त प्रेरणा र सहयोग प्राप्त गर्न सकें। यहाँहरूलाई आज कृतज्ञता प्रकट गर्न पाउँदा मनमा हर्षसहित यो शोधकार्य पूर्ण भएको अनुभव गरिरहेको छु। सर्वप्रथम, मेरा शोध निर्देशक प्रोफेसर डा मोहनप्रसाद दाहालप्रति आन्तरिक हृदयबाट कृतज्ञता अर्पण गर्दछु। उहाँकै मूल्यवान समय, सुझाउ, परामर्श

शोधकार्य पूर्ण हुन सम्भव भयो। आफूले जानेका, बुझेका र लेख्न सकेका बगुन्द्रो शैक्षिक क्षमताहरू शोधकार्यमा उपयुक्त र अकाट्य ठहँरिदो रहेनछ। शोधकार्य भनेको एकठेकी दूध मथेर एकडल्लो घिउ निकाल्ने विधिजस्तो हुनुपर्छ भन्ने कुरा प्रोफेसर दाहाल सरको सानिन्ध्य पाएर बुझ्न सकें। यी सबै कुराहरूको निम्ति यहाँप्रति म आजीवन ऋणि रहने छु।

यस शोधकार्यको निम्ति मानसिक वातावरण तयार बनाउने श्रेय उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागलाई दिन चाहन्छु। विभागका गुरुजनकै शिक्षादीक्षा र आशिर्वादले शोधकार्य गर्न सक्ने योग्यको भएँ। तसर्थ विभागका गुरुजन प्रोफसर भीमकान्त उपाध्याय (अवकास प्राप्त), प्रोफेसर मोहनप्रसाद दाहाल, प्रोफेसर घनश्याम नेपाल, डा नरेशचन्द्र खाती (अवकास प्राप्त), उपप्राध्यापक शान्तिराज शर्मा (अवकास प्राप्त), प्रोफेसर कृष्णराज घतानी, डा पुष्कर पराजुली, प्रोफेसर सञ्जय वान्तवा, डा डपछिरिङ लेप्चा, उपप्राध्यपक कृष्णमाया मगरप्रति आदरपूर्वक आभार अर्पण गर्न चाहन्छु।

शैक्षिक उन्नतिका लागि सधै मलाई प्रेरणा र उचित मार्गदर्शन गर्नु हुने आदरणीय गुरुमा डा रेमिका थापाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु। उहाँकै उद्यमी स्वभावबाट प्रेरित भएर मैले शोधकार्यको बाटो रोजेको हुँ। यस बाटामा हिँड्दा आइपरेका कतिपय अप्ठ्यारा परिस्थितिहरूमा किञ्चित् पनि निराश हुन नदिइ लामो समयदेखि अभिभावकसरह मेरो समीप खडा हुनुभयो र मलाई हौसला दिइराख्नुभयो। आफू विद्यार्थी हुँदा स्कूल जीवनमा बाग्रकोट उच्चतर माध्यमिक विद्यालयका शिक्षिका आदरणीय गुरुमा श्रीमती गंगादेवी शर्मा र सिलगढी महाविद्यालयमा गुरुमा डा राजकुमारी दाहालको ममाथि असीम अनुग्रह रहेको थियो। उहाँहरूकै प्रेरणा, विश्वास अनि आशीर्वादद्वारा विद्यार्थी हुँदा देखिनै

आफूमा शैक्षिक संस्कारको वीज रोपिएको ठान्छु। गुरुमा द्वयलाई आफ्ना ज्ञान अनि माया दिनुभएकोमा सम्झना अनि कृतज्ञता अर्पण गर्दछु।

शोधकार्य सम्बन्धी कतिपय प्राविधिक तकनिकी, व्यावहारिक नियम, भाषा आदि अन्योलहरू आइपर्दा सहयोग र सुझाउ दिएर मलाई उपकृत तुल्याउनु हुने गुणीजन मेरा आदरणीय गुरु डा पुष्कर पराजुली, गुरुमा प्रोफेसर कविता लामा, प्रोफेसर सञ्जय बान्तवा, उपप्राध्यापक नवीन पौड्याल अनि प्रिय दाजुहरूमा डा सोनाम शेर्पा, डा सुरज गुरुङ, डा रितेश विश्वकर्मा, डा अमीर दर्जी तथा अभिन्न मित्रहरूमा डा सुचन प्रधान, डा संगीता खेवा सुब्बा र डा सत्येन्द्र पाण्डेप्रति कृतज्ञता अर्पण गर्दछु।

यस शोधकार्यको निम्ति बुनियादी सामग्रीहरू जुटाउन, क्षेत्रीय अध्ययन गर्न, लकडाउनको समयमा पुस्तक आदि सामग्रीहरू वाटस्याप माफर्त उपलब्ध गराउन तथा व्यावहारिक कामकुराहरूमा मलाई सहयोग गर्नुहुने गुणीजन, आत्मीय दाजुहरू र विद्यार्थी साथी भाइहरूमा श्री ज्ञानप्रसाद छेत्री, श्रीमती रीना सुब्बा, श्री जय क्याक्टस, श्री समीर राई 'शान्ति', दुर्गा चामलिङ राई, राजु नेपाली, अतीत थापा, भुपेन घिमिरे, मायादेवी शर्मा, रोशनी भुजेल, नर्मी गुरुङ, आदर्श सुन्दास, आशिष तामाङ र भाइ एनिस विश्वकर्माप्रति पनि आभार व्यक्त गर्न चाहन्छु।

मलाई जन्म दिइ हुर्काइ बढाइ गरी पढाउने मेरा आमा-बाबाप्रति अपार भक्ति प्रकट गर्दछु। चियाका बोटहरूमा घामपानी सहेर दिनरात मेहनत गर्ने मेरी आमा अनि आइपरेका दुःख कष्टहरू एक्लैले थेकेर मलाई लेसमात्र पनि अनुभव हुन नदिइ शिक्षाप्रति प्रेरित गराउने मेरा बाबाको योगदान अतुलनीय छ। मेरा सासु ससुराको स्नेहाशिष्, सुव्यवहार र शुभकामनाले मलाई मानसिक बल प्रदान गरेको छ। यहाँहरूप्रति कृतज्ञभाव अर्पण गर्न पाउँदा आनन्द अनुभव भइरहेछ।

अन्तमा, पारिवारिक, आफन्त र नाता सम्बन्धहरूका दायित्व सकुशल निर्वाह गरेर मेरो अध्ययन एवम् शोधकार्यमा निमग्न हुन सहयोग पुऱ्याउने, प्राणप्रिय छोरो निभानको पालनपोषण र पढाइ लेखाइमा बाधा आउन नदिइ आमा-बाबु दुवैको भूमिका उम्दा ढङ्गमा पालन गर्ने मेरी धर्मपत्नी मिलन दियाली विश्वकर्माप्रति अविरल प्रेम प्रकट गर्दछु। छोरो निभान प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मेरा सबै कर्महरूको ऊर्जा स्रोत हो। यिनीहरू दुवैलाई मेरो अन्तर्हृदयको कृतज्ञ भाव व्यक्त गर्दछु। यस अनुभूतिले पनि यो शोधकार्य मेरा निम्ति महत् उपलब्धि भएको मान्छु।

दिनाङ्कः २८.१०.२०२१

राजीव विश्वकर्मा

# सङ्केताक्षर शब्दसूची

| | | |
|---|---|---|
| सम्पा | ........ | सम्पादक |
| सन् | ........ | इश्वी संवत् |
| विस | ........ | विक्रम सम्वत् |
| प्र संस | ........ | प्रथम संस्करण |
| दो सं | ........ | दोस्रो संस्करण |
| ते सं | ........ | तेस्रो संस्करण |
| अनु | ........ | अनुवादक |
| डा | ........ | डाक्टर |
| पृ | ........ | पृष्ठ |
| प्रालि | ........ | प्राइभेट लिमिटेड |
| नेराप्रप्र | ........ | नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान |
| डुनेसाविस | ........ | डुवर्स नेपाली साहित्य विकास समिति |
| गाविस | ........ | गाउँ विकास समिति |